<u>मिति २०७७ साल कार्तिक ०२ गते बसेको कार्यपालिकाको ४९ औ वैठकका निर्णयहरु :</u>

१. यस वर्ष आउदै गरेको वडादशैं एवं शुभ-दिपावलीको अवशरमा समग्र कार्यपालिकामा शुभकामना आदान- प्रदान गरीयो ।

२. यस वर्षदेखि लागु हुनेगरी नगर कार्यपालिकाको, कार्यालयले पेश गरेको योजना किताव ०७७/७८ स्वीकृत गर्ने ।

३.टि.वि.एस.यू.हेल्भेटास नेपाल र यस नगरपालिकाको साझेदारीमा यस नगरपालिकाभित्र वडा नं.१ र ३ को वीचमा पर्ने तीनगार साङ्टा र वडा नं.१ को साङटा खोलामा चालु आ.व.देखि निर्माण कार्य शुरु गर्ने २(दुई) गोटा झोलुङ्गेपुलको योजनामा यस नगरपालिकावाट व्यहोर्नुपर्ने कुल रकमको १३प्रतिशतले हुन आउने साझेदारी रकम रु ११,२१,७५५ (एघार लाख एक्काईस हजार सात शय पचपन्न रुपैंया) र सडक वोर्ड नेपाल तर्फ वडा नं.१०,९रद मा पर्ने भूरचौर स्याउली खण्डको वाटो निर्माण कार्यमा यस नगरपालिकाले व्यहोर्नुपर्ने लागत साझेदारीमा कुल रकमको १०प्रतिशतले हुन आउने रकम रु ३,०२०००। (अक्षरुपी तीन लाख दुई हजार रुपैंया) गरी जम्मा रकम १४,२३७५५।(अक्षरुपी चौध लाख तेइस हजार सात शय पच्पन्न रुपैंया मात्र) यस नगरपालिकाको चालु आ.व.को स्वीकृत विनियोजन ऐन, २०७७ को विनियोजित समपुरक कोष शिर्षकवाट खर्च लेख्ने ।

४. चालु आ.व.को स्वीकृत विनियोजन ऐन,२०७७ को चालुखर्च तर्फ स्वीकृत विविध खर्च शिर्षकवाट भूक्तानी लेख्ने गरी निम्नानुसार वजेट विनियोजन गर्ने ।

तपशिल :

- वडादशैंको अवसरमा शक्तिपीठ पूजा गर्न जिल्ला प्रशासन कार्यालय, जाजरकोटलाई अनुदान सहयोग रु ३५,०००। (अक्षरुपी पैंतीस हजार रुपैंया मात्र)
- वडादशैंको मनाउन जिल्ला कारागारमा रहेका कैदी वन्दीहरुलाई अनुदान सहयोग रु ३००००। ( अक्षरुपी तीस हजार रुपैंया मात्र)
- जिल्ला प्रहरी कार्यालय,परिसरभित्र रहेको कालिका भगवती मन्दीरमा कार्पेटिंग, रंगरोगन तथा पुजापाठ गर्न अनुदान सहयोग रु २००००।(अक्षरुपी वीस हजार रुपैंया मात्र)
- नगरपालिकाको झण्डा पूजा कार्यक्रमकोलागि रु ३५,०००।(अक्षरुपी पैंतीस हजार रुपैंया मात्र)

५.प्रदेश सरकार शसर्त अनुदान कार्यक्रम अन्तर्गत अख्तियारी प्राप्त भएका तपशिलमा उल्लेखित योजनाहरुको कार्यान्वयन गर्न कार्तिक मसान्तभित्र उपभोक्ता समिति गठन गरी पठाउन सम्वन्धित वडामा पत्राचार गर्ने ।

२०७७/७/०२

ध्रुव प्रसाद कोइराला
प्रमुख प्रशासकीय अधिकृत

भेरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३



Scanned with CamScanner

तपशिल :

| क्र.सं. | योजनाको नाम | योजना स्थल | वजेट |
|---|---|---|---|
| १. | डिंगा वडालेक सडक निर्माण | भेरी न.पा.२ | २० लाख |
| २. | माझखोला खोलाखर्क तल्लोगैरीगाउँ खानेपानी योजना | भेरी न.पा.७ | २० लाख |
| ३. | पानी मुल सिंचाई योजना | भेरी न.पा.७ | १० लाख |
| ४. | खानेपानी आयोजना | भेरी न.पा.१२ | २० लाख |
| ५. | शिवशंकर मा.वि.जगतिपुर | भेरी न.पा.११ | ३० लाख |
| ६. | खोलाखर्क तल्लोगैरीगाउँ खानेपानी | भेरी न.पा.७ | २० लाख |
| ७. | ठुटेपिपल मुलपानी सडक | भेरी न.पा.४ | २० लाख |
| कुलजम्मा | | | १ करोड ४० लाख |

६. गत वर्ष आ.व.०७६/७७ को अल्या संचित रकमवाट तपशिलमा उल्लेखित कार्यक्रम /योजनाहरुको भूक्तानी लेख्ने ।

- नगर कृषि विकास शाखामा किसान कल सेन्टर स्थापना गर्न नगरपालिकाको तर्फवाट लागत साझेदारी व्यहोर्न प्रतिवद्धता गरिएको रकम रु ३६,०००।(अक्षरुपी छत्तीस हजार रुपैया मात्र)
- वडा नं.४ को ने.वै.ली. वसेको पुरानो घर नजिकको ढल निकासमा लागेको रकम रु १ लाख
- वर्षादको समयमा जोखिममा रहेको अनुसन्धान भवन पछाडिको सडक निर्माण कार्यकालागि मेसनरी दिवाल निर्माण कार्यमा नाटिक निर्माण सेवा एण्ड कृष्ण सप्लायर्स खलंगा -७(हाल भे.न.पा.-३) लाई भूक्तानी दिने रकम रु ४,८४,२१९।

७.नगरपालिका भित्र कोरना भाईरस नियन्त्रणकोलागि स्थापना गरिएको कुदु क्वारेन्टाईन संचालनका क्रममा क्वारेन्टाईन हाताभित्र निर्माण गरेको प्रतिक्षालय निर्माणमा लागेको रु १ लाख कोभिड कोषवाट भूक्तानी लेख्ने ।

८.प्रशासकीय भवन निर्माणको माथिल्लो तलाको भूक्तानी यस नगरपालिकाको चालु आ.व.को स्वीकृत विनियोजन ऐन, २०७७ को विनियोजित समपुरक कोष शिर्षकवाट खर्च लेख्ने ।

९. भेरी नगरपालिकाको स्थानीय शिक्षा ऐन,२०७४ वमोजिम गठन भई पदावधि समाप्त नभएका वाहेक शिक्षा ऐन, २०२८ वमोजिम गठन भई पदावधि समाप्त भएका/नभएका यस नगरपालिकाभित्र सन्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुले भेरी नगरपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ को दफा १९ र ३८ वमोजिम मिति २०७७ मंसिर मसान्तसम्म भित्र विद्यालय व्यवस्थापन समिति अनिवार्य गठन गर्न-गराउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

कार्यपालिकाको ४९ औ बैठक

२०७७/६/८/०२

ध्रुव प्रसाद कोइराला
प्रमुख प्रशासकीय अधिकृत

भेरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

Scanned with CamScanner